# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४४१

मिति: २०८३।०४।०३ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### गोलि प्रहार गरी लागु औषधका ३ जना कारोबारीहरु पक्राउ।

काठमाण्डौ उपत्यकामा लागु औषध सप्लाई गर्ने गिरोहको निरन्तर सुक्ष्म निग्रानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।०३ गते १६:१० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. १२ टेकु दोवानपुल नजिकै भारतको रुपडियाबाट काठमाण्डौ उपत्यकासम्म लागु औषध टपेन्डाडोल आजै ल्याई कारोबार गरिरहेको अवस्थामा उक्त कार्यमा संलग्न व्यक्तिहरुलाई नियन्त्रणमा लिन खोज्दा प्रहरी टोली माथी आक्रमण गरी भाग्ने क्रममा चेतावनी स्वरुप हवाई फायर गरी रोकिन अनुरोध गर्दा समेत नरोकी भागीकाले भारत रुपडिया उत्तर प्रदेश ठेगाना भएका राज सोनीको दाईने खुट्टाको घुँडामा १ राउण्ड र बाँया खुट्टाको घुँडामुनी १ राउण्ड गरि जम्मा २ राउन्ड गोली प्रहार गरी निज सहित निम्न उल्लेखित ३ जना कारोबारिहरुलाई नियन्त्रणमा लिई यस कार्यालयबाट थप आबश्यक अनुसन्धान भईरहेको।

साथै गोली लागी घाईते भएका भारतिय नागरिक राज सोनीलाई राष्ट्रिय ट्रमासेन्टर उपचार भईरहेको।

**निम्न :-**

**पक्राउ परेका व्यक्तिहरुको विवरण**

१. भारत रुपडिया उतर प्रदेश ठेगाना भएका बर्ष २५ को राज सोनि
२. जिल्ला वॉके नेपालगंज परेशपुर वडा नं १७ ठेगाना भएका बर्ष १९ को निखिल सोनि
३. जिल्ला सुर्खेत पन्चपुरी वावियाचैर गा पा वडा नं ५ ठेगाना भएकी बर्ष १९ को शोफिया मगर

**बरामद सामानहरुको विवरण**

१. टपेन्डाडोल २४,७०० क्याप्सुल
२. मोवाईल थान ३



(जिवन निरौला)
प्रहरी नायव उपरीक्षक

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]